त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
AFFILIATED TO TRIBHUVAN UNIVERSITY
# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS
सुन्दरहरैंचा नगरपालिका, मोरङ, प्रदेश नं. १, नेपाल
SUNDARHARAINCHA MUNICIPALITY, MORANG, PROVINCE NO.-1, NEPAL
स्था : २०४८ ESTD : 1992
Accredited by University Grants Commission (UGC) Nepal (2015)

पत्र सङ्ख्या २०७९/०८०
चलानी नम्बर ८९३

मिति २०७९/०९/२८ गते ।

**विषयः आर्टिकल माग गरिएको सूचना जानकारी गराइएको सम्बन्धमा ।**

(क्याम्पसमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरू
सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।)

प्रस्तुत विषयमा नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन, १ नं. प्रदेशको जर्नल प्रकाशन समितिले मिति २०७९/०९/१३ गतेका दिन यस क्याम्पसलाई प्रेषित गरेको पत्रानुसार उक्त समितिले २०८० वैशाखसम्ममा समकक्षी समीक्षित **"बौद्धिक अभियान"** नामक जर्नल प्रकाशन गर्ने र लेख सङ्कलनका लागि क्याम्पसमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूलाई सूचित गरिदिनुहुन अनुरोध भई आएको हुँदा उक्त समितिको अनुरोधअनुसार जुनसुकै विषयका समसामयिक विषयबस्तु, समस्या, चुनौती र मुद्दाका विषयमा आआफ्नो प्राज्ञिक वा अनुसन्धानमूलक लेख उपलब्ध गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. लेखमा लेखकको नाम, पद र संलग्न क्याम्पसको नाम तथा ठेगाना उल्लेख हुनुपर्ने छ ।
२. आफ्नो लेख bouddhikabhiyan123@gmail.com मा पठाउनु पर्ने छ ।
३. आफ्नो लेख नेपाली भाषामा भए Unicode (font size 12) र अङ्ग्रेजीमा भए Times New Roman (font size 12) हुनुपर्ने छ ।
४. आफ्नो लेख Microsoft Word file (Word 97-2003 document) मा हुनुपर्ने छ ।
५. लेख APA Publication Manual 7th edition (2020) को ढाँचामा आधारित हुनु पर्नेछ ।
६. लेखको शब्द सीमा ३,००० देखि ६,००० सम्म हुनु पर्नेछ ।
७. Title, Abstract, Key words, Heading Levels, Paragraphing, Paraphrasing, Citation, References, Table number and figure number APA Publication Manual 7th edition (2020) अनुसार हुनुपर्ने छ ।
८. लेखकहरूले आफ्नो लेख मिति २०७९/११/१५ गतेसम्ममा माथि उल्लिखित इमेलमा पठाउनु पर्नेछ ।
९. लेख लेखन सम्बन्धी सहयोगी सामग्री तलको लिङ्कमा राखिएको छ ।
https://drive.google.com/file/d/1FY6xZdkPwe2FbJ9E704QJ5iM64jkfPsm/view?usp=share_link
१०. लेखलाई online (nepjol) मा प्रकाशन गरिने भएकाले आफ्नो लेखका कारण सामाजिक एवम् प्राज्ञिक मर्यादामा कुनै असर पर्न गएमा त्यसको जिम्मेवारी लेखक स्वयम् हुनु पर्नेछ ।
११. समकक्षीकहरूद्वारा लेखको समिक्षा र मूल्याङ्कन गरी स्वीकृत भएपछि मात्र लेख प्रकाशन हुनेछ ।
१२. लेख पठाउने लेखकले लेख पठाएपछि त्यसको जानकारी RMC - Sukuna लाई गराउनु पर्नेछ ।

नि. क्याम्पस प्रमुख

फोन : ०२१-५४५६१७, ०२१-५४५७१७, ९८५२०४५६१७
e-mail : sukunac@yahoo.com, sukunamc2048@gmail.com
नोटिसबोर्ड १६१८०२१-५४५७१७
website : www.sukuna.edu.np